काठमाडौं महानगरपालिका
नगरकार्यपालिकाको कार्यालय
सामाजिक विकास विभाग
कमलादी ,काठमाडौं,बागमती प्रदेश,नेपाल

पत्र संख्या: ०८१।०८२
चलानी नं

मिति: २०८१/११/०९

# सूचना

काठमाडौँ महानगरपालिका क्षेत्र भित्र बालक्लबहरूको गठन तथा परिचालनमा सहजीकरण गर्ने ,बाल भेला , बाल सभा जस्ता बाल सहभागितालाई प्रवर्द्धन गर्ने महानगरपालिकाको कार्यक्रम तथा क्रियाकलापहरूमा आवश्यक सहजीकरण गर्न बाल क्लब सहजकर्ता (माग सङ्ख्या -१ जना ) र महानगरपालिका क्षेत्रभित्र बालमैत्री स्थानीय शासन प्रवर्द्धन सम्बन्धी तोकिएको कार्य गर्नका लागि बालमैत्री सहजकर्ता (माग सङ्ख्या -१ जना ) आवश्यक परेकाले महानगरपालिकाको समाजसेवी तथा बालमनोविज्ञ छनोट समितिको निर्णयअनुसार सूचीकृत समाजसेवीहरू मध्यबाट देहायबमोजिमको रित पुगेका इच्छुक समाजसेवीहरूलाई बाल क्लब सहजकर्ता र बालमैत्री सहजकर्ताका रूपमा कार्य गर्न यो सूचना प्रकाशन भएको मितिले ७ दिन भित्र आवेदन पेस गर्नुहुन सूचित गरिन्छ।

## १. बाल क्लब सहजकर्ताको योग्यता :

१. बाल क्लब पूर्व सदस्यलाई प्राथमिकता दिइनेछ र पूर्व सदस्य भए सोको प्रमाण पत्र वा सिफारिस,
२. बाल क्लब गठन सम्बन्धी कार्यक्रममा सहभागिता जनाएको प्रमाण पत्र वा सिफारिस ,
३. बाल अधिकार , बाल संरक्षण र बाल सहभागिता सम्बन्धी आधारभूत ज्ञान भएको ,
४. कम्प्युटर सम्बन्धी आधारभूत ज्ञान (नेपाली टाइपिङ,MS office package ) र अभिलेखीकरण सम्बन्धी ज्ञान भएको ,
५. महानगरपालिका क्षेत्र भित्र तोकिएको समयमा उपलब्ध भई कार्य गर्न सक्ने।

## २. बाल क्लब सहजकर्ताको कार्य क्षेत्रगत सर्त(TOR) :

१. महानगरपालिका क्षेत्रभित्र रहेका सामुदायिक , विद्यालयमा आधारित तथा विशिष्टीकृत बालक्लबको गठन , पुनर्गठन गर्ने कार्यमा सहजीकरण गर्ने ,
२. महानगरपालिका क्षेत्रभित्र रहेका बालक्लबहरूको क्षमता अभिवृद्धिका लागि सञ्चालित कार्यक्रमहरूमा सहजीकरण गर्ने ,
३. महानगरपालिका भित्रका बालक्लबहरूको दर्ता प्रक्रियामा सहजीकरण गर्ने ,
४. महानगर बाल सञ्जालको सचिवालय व्यवस्थापन , बैठक तथा कार्यक्रमहरूको व्यवस्थापन गर्ने तथा आवश्यक सहजीकरण गर्ने

११/९
समिक्षा निरौला
विभागीय प्रमुख
सामाजिक विकास विभाग

काठमाडौं महानगरपालिका
नगरकार्यपालिकाको कार्यालय
सामाजिक विकास विभाग
कमलादी ,काठमाडौं,बागमती प्रदेश,नेपाल

पत्र संख्या : ०८१।०८२
चलानी नं २६८८

५. वडा स्तरीय बाल क्लबका कार्यक्रम तथा गतिविधि,महानगर बाल भेला, महानगर बाल सभा जस्ता बाल सहभागितालाई प्रवर्द्धन गर्ने कार्यक्रम तथा गतिविधिहरूमा सहजीकरण गर्नुका साथै सामाजिक विकास विभागले बालबालिका सम्बन्धी तोकेका अन्य कार्यहरू गर्ने ।

**३. बालमैत्री सहजकर्ताको योग्यता :**

१. बालमैत्री स्थानीय शासन सम्बन्धी कार्य अनुभव भएको ,
२. बालमैत्री स्थानीय शासन सम्बन्धी तालिम लिएको ,
३. बालमैत्री स्थानीय शासन सम्बन्धी कार्यक्रममा सहभागिता जनाएको प्रमाण पत्र वा सिफारिस ,
४. बाल अधिकार , बाल संरक्षण र बाल सहभागिता सम्बन्धी आधारभूत ज्ञान भएको ,
५.कम्प्युटर सम्बन्धी आधारभूत ज्ञान (नेपाली टाइपिङ,MS office package ) र अभिलेखीकरण सम्बन्धी ज्ञान भएको ,
६. महानगरपालिका क्षेत्र भित्र तोकिएको समयमा उपलब्ध भई कार्य गर्न सक्ने ।

**४. बालमैत्री सहजकर्ताको कार्य क्षेत्रगत सर्त(TOR) :**

१. महानगरपालिका क्षेत्रभित्र बालमैत्री स्थानीय शासन प्रवर्द्धन सम्बन्धी तोकिएको कार्य गर्ने ,
२. बालमैत्री वडा घोषणा कार्यक्रमका लागि तोकिएको सम्पर्क व्यक्तिका रूपमा कार्य गर्ने ,
३. बालमैत्री स्थानीय शासन प्रवर्द्धनका लागि वडा तहमा बैठक , छलफल तथा अभिमुखीकरण कार्यक्रमहरूमा सहजकर्ताका रूपमा कार्य गर्ने ,
४. सामाजिक विकास विभागले बालबालिका सम्बन्धी तोकेका अन्य कार्यहरू गर्ने ,
५. महानगर बाल अधिकार समिति तथा वडा बाल अधिकार समितिको विषयसँग सम्बन्धित बैठक तथा कार्यक्रमहरूमा आवश्यक सहजीकरण गर्ने ।

**अनलाईन फारम भर्न यो QR Code scan गर्नुहोला :**

११/५

सामाजिक विकास विभाग
काठमाडौं महानगरपालिका

बोधार्थ: श्री सूचना तथा प्रविधि विभाग, काठमाडौँ महानगरपालिका – वेभसाईटमा अपलोड गरिदिन हुन

समिन्द्र निरौला
विभागीय प्रमुख
सामाजिक विकास विभाग